# इटहरी उपमहानगरपालिका

# Itahari Sub-Metropolitan City

## नगर कार्यपालिकाको कार्यालय

## Office of Municipal Executive

इटहरी, सुनसरी

Itahari, Sunsari

प.स.: २०८३/८४, (शिक्षा युवा तथा खेलकुद महाशाखा)
च.नं.: २२

कोशी प्रदेश, नेपाल

मिति २०८३।०४।१८

**विषयः शैक्षिक सत्र २०८३ को शुल्क निर्धारण गरिएको सम्बन्धमा।**

श्री सम्पूर्ण संस्थागत विद्यालयहरू,

इटहरी उपमहानगरपालिका, सुनसरी ।

प्रस्तुत विषयमा यस इटहरी उपमहानगरपालिका भित्र सञ्चालित संस्थागत विद्यालयहरूले शैक्षिक सत्र २०८३ मा लिन पाउने मासिक शुल्क मिति २०८३।०४।१३ गतेको निर्णय अनुसार देहाय बमोजिम निर्धारण भएको हुँदा आफ्नो विद्यालयको श्रेणी/वर्ग अनुसारको शुल्क सीमाभन्दा बढी शुल्क प्रस्ताव पेस गर्ने विद्यालयहरूले तोकिएको मासिक पढाई शुल्कको परिधिभित्र रहि समानुपातिक रुपमा कक्षागत मासिक पढाई शुल्क तथा अन्य शुल्क विवरण प्रमाणित गरी विद्यालय व्यवस्थापन समितिको निर्णय सहित १५ (पन्ध्र) दिनभित्रमा शिक्षा, युवा तथा खेलकुद महाशाखामा पेस गरी कार्यान्वयन गर्नु/गराउनुहुन जानकारीका लागि अनुरोध छ । अन्यथा नियमानुसार कारबाही हुने वेहोरा समेत जानकारी गराइन्छ ।

क) मासिक पढाई शुल्क सीमाः

| विद्यालयको श्रेणी/वर्ग | पूर्वप्राथमिक कक्षा (नर्सरी) को अधिकतम मासिक पढाई शुल्क | कक्षा १० को अधिकतम मासिक पढाई शुल्क | कैफियत |
|---|---|---|---|
| क | २५००।- | ५०००।- | |
| ख | १८५०।- | ३७५०।- | |
| ग | १२५०।- | २५००।- | |
| घ | ९३७।- | १८७५।- | |

पुनश्चः

१. सम्बन्धित श्रेणीका लागि तोकिएको शुल्क सीमाभन्दा कम शुल्क लिईरहेका विद्यालयहरूले सोही शुल्कलाई नै निरन्तरता दिनु पर्नेछ। निर्धारण गरिएको मासिक शुल्कभन्दा कम भएको भनि शुल्क बढाउन पाईनेछैन।

२. हालसम्म पनि श्रेणी/वर्ग निर्धारण नभएका संस्थागत विद्यालयहरुको हकमा (घ) वर्गको लागि निर्धारित शुल्क सीमा लागू हुनेछ ।

(ख) अन्य शुल्कको हकमा तपसिल बमोजिमको मापदण्ड तथा आधारमा शुल्क निर्धारण भएको हुनुपर्नेछ।

रमेश कुमार शाह
अधिकृतस्तर आठौं

# इटहरी उपमहानगरपालिका

## Itahari Sub-Metropolitan City

## नगर कार्यपालिकाको कार्यालय

## Office of Municipal Executive

इटहरी, सुनसरी

*Itahari, Sunsari*

प.स.: २०८३/८४, (शिक्षा युवा तथा खेलकुद महाशाखा)

च.नं.: २३

कोशी प्रदेश, नेपाल

तपसिल:

| क्र.सं. | शुल्क शिर्षक | शुल्क निर्धारणको मापदण्ड | शुल्क खर्च हुने आधार | कैफियत |
|---|---|---|---|---|
| १ | मासिक पढाई शुल्क | १ वर्षमा १२ महिनाको स्वीकृत मासिक शुल्क | कक्षाकोठामा पठन पाठन सञ्चालन गर्न, शैक्षिक कार्य सञ्चालन, शिक्षक एवम् कर्मचारीहरूको तलब भत्ता बापत | |
| २ | वार्षिक शुल्क | २ महिनाको स्वीकृत मासिक शुल्क बराबरको रकम | खेलकुद, अतिरिक्त क्रियाकलाप, प्रयोगशाला, विद्यालय भवन मर्मत, पुस्तकालय र प्राथमिक उपचार बापत | |
| ३ | भर्ना शुल्क | भर्ना हुँदा एक पटक मात्र जुन कक्षामा भर्ना हुने हो सोही कक्षाको स्वीकृत मासिक शुल्कको १ महिनाको शुल्क | विद्यार्थीको रजिष्ट्रेशन, व्यक्तिगत प्रोफायल अद्यावधिकरण, भर्ना फाराम छपाइ आदि बापत | |
| ४ | धरौटी शुल्क | | विद्यालय अवधिभर विद्यार्थीले तिर्नुपर्ने कुनै बक्यौता हुन गएमा त्यसको सुरक्षण बापत (फिर्ता हुने गरी) | |
| ५ | परीक्षा शुल्क | प्रत्येक कक्षाको लागि स्वीकृत मासिक पढाइ शुल्कको ५०% मा नबढाइकन वार्षिक वा किस्तामा | त्रैमासिक, अर्धवार्षिक, वार्षिक लगायत परीक्षा सञ्चालन तथा नतिजा तयारी लगायतका योजना कार्य सञ्चालन बापत | |
| ६ | कम्प्यूटर शुल्क | सुविधा उपभोग गर्ने विद्यार्थीहरूको अभिभावकको भेलाबाट पारित भए अनुसार | कम्प्यूटर विषय शिक्षण, कम्प्यूटर साक्षरता कोर्स सञ्चालन, कम्प्यूटर मर्मत बापत | |
| ७ | स्थानान्तरण शुल्क | आधारभूत तहको रु. ५०० र माध्यमिक तहको रु. १००० भन्दा बढी लिन नपाउने | प्रमाणपत्र छपाइ र वितरण बापत | इटहरी उपमहानगरपालिकाको शिक्षा ऐन, २०७९ को दफा ७५ को उपदफा ५ मा उल्लेख भए बमोजिम |
| ८ | विशेष प्रशिक्षण शुल्क | सुविधा उपभोग गर्ने विद्यार्थीहरूको अभिभावकको कम्तीमा पनि दुई तिहाइ भेलाबाट पारित भए अनुसार | जुडो, मार्सल आर्ट, पौडी, गायन, नृत्य, खेलकुद, संगीत र साहित्यिक क्रियाकलापको प्रशिक्षण तथा विभिन्न प्रकारका तालिम प्रशिक्षण पारिश्रमिक बापत | |

रमेश कुमार शाह
अधिकृतस्तर आठौं

# इटहरी उपमहानगरपालिका
## *Itahari Sub-Metropolitan City*
## नगर कार्यपालिकाको कार्यालय
## *Office of Municipal Executive*
इटहरी, सुनसरी
*Itahari, Sunsari*

प.स.: २०८३/८४, (शिक्षा युवा तथा खेलकुद महाशाखा)
च.नं.: २२

कोशी प्रदेश, नेपाल

| क्र.सं. | शुल्क शिर्षक | शुल्क निर्धारणको मापदण्ड | शुल्क खर्च हुने आधार | कैफियत |
|---|---|---|---|---|
| ९ | आवास शुल्क | आवासिय सुविधा उपभोग गर्ने विद्यार्थीहरूको अभिभावकको दुई तिहाइ भेलाले अनुमोदन गरे अनुसार | आवासिय विद्यार्थीको लागि सिरक, विछ्यौना खरीद, आवास, सरसफाइ, खानेपानी, बिजुली, खाना तथा खाजा र सुरक्षा बापत | |
| १० | भोजन शुल्क | सुविधा उपभोग गर्ने विद्यार्थीहरूको अभिभावकको दुई तिहाइ भेलाबाट पारित भए अनुसार | विद्यालय आवासमा नरहने तर विहानी एवम् दिउँसोको खानाखाजा विद्यालयमै खाने विद्यार्थीहरूका लागि | |
| ११ | परिवहन शुल्क | परिवहन सेवा उपभोग गर्ने विद्यार्थीको अभिभावकको भेलाको दुई तिहाइ भेलाबाट पारित गर्नुपर्ने। | विद्यार्थीलाई घरबाट विद्यालय सम्म लैजान/पुर्याउनका लागि प्रयोग गरिने सवारी साधनको इन्धन, चालकको पारिश्रमिक तथा मर्मत खर्च बापत | |
| १२ | शैक्षिक भ्रमण शुल्क | सुविधा उपभोग गर्ने विद्यार्थीहरूको अभिभावकको भेलाबाट पारित भए अनुसार | विद्यार्थीको व्यवहारीक ज्ञान अभिवृद्धिका लागि अन्तर-विद्यालय भ्रमण, पर्यटकीय क्षेत्र भ्रमण तथा *Internship* सञ्चालन बापत | |
| १३ | अन्तर विद्यालय प्रतियोगिता सञ्चालन | सुविधा उपभोग गर्ने विद्यार्थीहरूको अभिभावकको भेलाबाट पारित भए अनुसार | विद्यार्थीको बौद्धिक तथा शारीरिक विकासका लागि उपयोगी प्रतियोगिता सञ्चालन बापत । | |
| १४ | शैक्षिक सामग्री शुल्क | एक महिनाको मासिक पढाई शुल्कको १०% मात्र वर्षमा एक पटक लिन पाइनेछ । | कक्षा शिक्षणका लागि आवश्यक पर्ने छपाइ र श्रव्य-दृश्य जस्ता सामग्री खरिद बापत | |

रमेश कुमार शाह
(महाशाखा प्रमुख)
रमेश कुमार शाह
अधिकृतस्तर आठौं

<u>सादर अवगतार्थ:</u>
श्री नगर प्रमुखज्यू, इटहरी उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, इटहरी, सुनसरी ।
श्री नगर उपप्रमुखज्यू, इटहरी उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, इटहरी, सुनसरी ।
<u>बोधार्थ:</u>
श्री शिक्षा तथा खेलकुद मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।
श्री सूचना तथा सञ्चार प्रविधि शाखा, इटहरी उपमहानगरपालिका (*Website* मा सूचना अपलोड गरिदिनुहुन) ।